
## १.खिजीदेम्वा गाउँपालिकाको परिचय :

खिजिदेम्वा गाउँपालिका




### क) पृष्ठभूमी :

खिजीदेम्बा गाँउपालिका" नेपालको १ नं प्रदेश अन्तर्गत ओखलढुंगा जिल्लाको जिल्ला सदरमुकाम देखी उत्तर पश्चिममा अवस्थित एक गाँउपालिका हो । ओखलढुंगा जिल्लाको ८ वटा स्थानिय तह मध्ये अति दुर्गम गाँउपालिकाको रुपमा रहेको  यो गाँउपालिकाको कुल क्षेत्रफल १७९.७७ वर्ग कि.मि मा फैलिएको यो गाँउपालिका साविकका ६ वटा गा.वि.स हरु साथै साविकका पाल्ले र पोकली गा.वि.स का केहि वडाहरु सामावेश भई निर्माण भएको यो गाँउपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । भूगोल र जनसंख्याको असमान वितरण रहेको यो गाँउपालिकाको अधिकांश भूभाग पातलो बस्ती रहेको छ । वि.स २०७८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या १५८७८ रहेको छ भने घरधुरी संख्या ३४६१ रहेको छ । जसमध्ये शेर्पा, तामाङ, सुनुवार, क्षेत्री, नेवार, ब्राम्हन जातका मानसहरु यहाँका वासिन्दाहरु हुन् । विभिन्न जातहरुले आ-आफ्नो धर्म संस्कार मान्दै आएको यो गाँउपालिकामा हिन्दु, बौद्ध, किराँत, क्रिष्चियन धर्मको बाहुल्यता रहेको छ

पेशागत रुपमा कृषीलाई प्रमुख पेशाको रुपमा अवलम्बन गर्ने यो गाँउपालिकाका बासिन्दाहरुले स्थानिय होटल, व्यापार व्यवसाय तथा पर्यटन क्षेत्रमा कार्य गरेर आय आर्जन गर्ने गर्दछन भने विभिन्न जडीबुटी प्रशोधन तथा उत्पादन गर्ने देखी काष्ठजन्य र परम्परागत घरेलु हस्तकलाका सामाग्रीहरु समेत निर्माण गरी परम्परागत सीपको संरक्षण र संवर्धन गर्ने कार्य गर्दै आय आर्जन गर्ने कार्य यहाँका मानिसहरु गर्दछन् ।यसरी कृषी प्रणालीलाई परम्परागत रुपमा उत्पादन गर्नै आएका यहाँका कृषकहरु हालका दिनहरुमा आधुनिक व्यावसायिक कृषी प्रणाली बाट कृषी उत्पादन प्रणलीलाई अवलम्बन गरेर आफ्नो कृषी व्यवसाय गर्ने गर्दछन भने प्रसस्त मात्रामा आलु उत्पादन गरी ठूलो मात्रामा निर्यात गर्ने गरेको पाइन्छ ।

ओखलढुंगा जिल्लाका स्थानीय तहहरुमध्ये यस गाँउपालिका जिल्ला सदरमुकाम देखी निकै टाढा रहेको छ । भौगोलिक रुपले अति विकट मानिने यस गाँउपालिकामा केहि समय अगाडी सम्म कुतिको नुन बोकेर खाने, जिल्ला समदमुकाम पुग्न एक दिन समय खर्च गर्नुपर्ने तथा अन्य सामाग्री लिई आफ्नो दैनिक गुजारा चलाउनको लागी कष्टकर यात्रा गर्नुपर्ने यस क्षेत्रका नागरीकको लागी संघिय संरचना अनुसार स्थानिय तहको निर्माण भएपछि क्रमश विकास निर्माणले फड्को मारेको आभास गर्न सकिन्छ । नेट इन्टरनेको पहुँचमा उल्लेखनीय प्रगती गरिरहेका यस गाँउपालिकामा केहि समय अघि सम्म मात्रै यस स्थानबाट अन्य स्थानमा जानुपर्दा खाजा सामलको जोहो गरेर कठीन यात्रा गर्नुपर्ने भएतापनि हाल प्रत्येक वडामा सडक यात्रा गर्न सकिने अवस्था रहेको छ । इलाका प्रशासन कार्यालयको स्थापना भएको यस गाँउपालिकामा बैंकिङ कारोवार, नागरीकता प्राप्ति, भूमि कर, राजस्व, नापी, जग्गा किनबेच जस्ता दैनिक जिवन सँग जोडिएका कार्यहरुका लागी स्थानिय निकायको पहलमा यसै स्थानमा सेवा उपलब्ध भएसँगै विकासको दैनिक जनजिवनमा यस्ता सेवाहरु सहज भएको छ । यस्तै केहि समय अगाडी मात्रै गुणस्तरी शिक्षा स्वास्थका लागी लाखौं रकम खर्च गरेर जिल्ला सदरमुकाम जानुपर्ने बाध्यतालाई मध्यनजर गरी हाल यसै गाँउपालिकाको हरेक प्रत्येक वडामा स्थास्थ्य चौकि तथा फलाटे बजारमा ५ सैयाको सुविधा सम्म स्थास्थ्य संस्था बन्ने क्रममा रहेको छ भने प्राविधिक शिक्षालाई समय सापेक्ष गर्नको लागी फलाटे बजार नजिकै रहेको श्री फूलमती मा.वि मा कक्षा ९ देखी नै इन्जिनियरिङ शिक्षा प्रदान गर्न सुरु गरिएको छ साथै उच्च शिक्षाको लागी एक क्याम्पस ( रगनी क्याम्पस ) समेत सञ्चालनमा छ भने कक्षा १२ सम्म सञ्चालित सामूदायीक विद्यालयहरु रहेका छन ।

यस गाँउपालिकामा बसोवास गर्ने स्थानीयहरुमा आपसी सद्भाव, सहिस्णुता, मेलमिलाप, सहयोगात्मक भावना, संस्कृतीको आदानप्रदान तथा भातृत्वको सम्बन्ध प्रगाढ छ। परिणास्वरुप गाँउपालिकामा सामाजिक सद्भाव कायम छ। साथै संघिय संरचना अनुसार स्थानिय निकाय घर छेउमै स्थापना भएसँगै यस क्षेत्रका स्थानियहरुको जनचेतना स्तरको बृद्धि भई यहाँका नागरिकहरु क्रमशः आफ्नो हक, अधिकार तथा कर्तव्य पालना गर्न सधैंनै तत्पर देखिन्छन् ।

यस गाँउपालिकाको विकास सम्बृद्धीका लागी विकासका पूर्वाधारमध्य सडक, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत आदिको विकास हुदै गर्दा यहाँको जल, जमिन, जंगल तथा जडीबुटी र पर्यटन क्षेत्र यसको मुख्य आधारका रुपमा रहेका छन । यस्तै गरी नेपाल सरकारले निर्धारण गरेका सय वटा गन्तव्य मध्ये ३३५० मि. को उचाईमा रहेको थोलेदेम्बा टाकुरो एक रमणीय पर्यटकीय सहित प्राकृतीक, धार्मिक, सांस्कृतीक तथा ऐतिहासिक महत्वका विविध कुराहरुको प्राचुर्यता रहेको यो गाँउपालिका पर्यटन क्षेत्रको विकासको ठुलो सम्भावना बोकेको गाँउपालिका हो । पछिल्लो समयमा दीर्घकालीन सोँचले भएगरेका विभिन्न विकास निर्माण कार्यहरुले यो गाँउपालिकाको विकास, सम्बृद्धी अगाडी बढ्दै जाँदा यो गाँउपालिकाको भविष्य सुन्दर बन्ने कुरामा दुई मत छैन ।

**ख) नामाकरण :**

हाल यस गाँउपालिकाको नाम "खिजीदेम्बा", 'खिजी' र 'देम्बा' दुई शब्द मिलेर बनेको छ। ऐतिहासिक पेष्ठभूमिलाई हेर्दा खिजी शब्द खिन्ची/खिँची बाट अपभ्रंश भएर बनेको देखिन्छ । खिँची शब्द यहाँका सबैभन्दा पुरानो आदिवासी सुनुवार भाषावाट बनेको हो। आम जनमानसमा प्रचलित मान्यता तथा मिथक अनुसार खिजी + देम्बा = खिजीदेम्बा नामाकरणको बारेमा निम्नानुसारको मान्यताहरु रहेको पाईन्छ ।

१. खिजीमा आई बसोवासको विकास गर्ने खिँचीहाङ /खिँचीहोपोका सन्तानले आवाद गरेको हुनाले यस ठाँउलाई 'खिँची' भन्न थालियो र यहि शब्द कालान्तरमा अपभ्रश भई खिजी हुन गयो । यद्यपी कोँइच थरका सुनुवारहरु अझैपनि यस ठाँउलाई खिँची नै भन्ने गर्छन ।

२. पौराणिक श्रुती अनुसार खिजी शब्द 'खिँची' शव्दबाट बनेको हो । जसको अर्थ "घर पछाडी" भन्ने हुन्छ । यहि शब्द पछि खास नेपालिकरणमा अपभ्रंस हुदा खिजी हुन गएको हो भन्ने मान्यता छ ।

३. खिजीको सबैभन्दा अग्लो स्थान देम्बा टाकुरा/देम्बाडाँडा हो । देम्बा टाकुरालाई स्थानीयहरु 'थोलेदेम्बा' भन्ने गर्दछन् । देम्बा टाकुराको अर्थ स्थानीय कोइँच सुनुवार भाषामा 'जमेको चौर' भन्ने हुन्छ । सोहि मान्यता वाट सो स्थानको नाम देम्बाडाँडा / देम्बा टाकुरा रहन गएको मान्यता रहिआएको छ ।

यसरी 'खिजी' र 'देम्बा' दुई शब्दहरुको संयोजनबाट राज्य पुनःसरचना पछि यस गाँउपालिकालाई "खिजीदेम्बा" नामाकरण गरियो ।

**ग) अवस्थिती :**

नेपालको नयाँ संरचना अनुसार ७ वटा प्रदेश मध्येको प्रदेश नं १ अन्तर्गतको ओखलढुंगा जिल्लाको दक्षिणी भेगमा अवस्थित "खिजीदेम्बा गाँउपालिका" एक पर्यटकीय सम्भावना बोकेको गाँउपालिका हो । यस गाँउपालिकाको पूर्वमा मोलुङ्ग गा.पा. र सोलुखुम्बू जिल्ला, पश्चिममा रामेछाप जिल्ला, उत्तरमा सोलुखुम्बु जिल्ला र दक्षिणमा लिखु र मोलुङ्ग गाँउपालिका रहेका छन् । यो गाँउपालिका नयाँ संरचना अनुसार समावेशी तथा जनजातीको बाहुल्य क्षेत्रको सिमाभित्र अवस्थित पर्दछ भने यस गाँउपालिका जिल्ला सदरमूकाम देखी पैदल करिव एक दिन तथा यातायातको दृष्टिले तीन घण्टाको दुरीमा अवस्थित छ । संघिय संरचना अनुसार यस गाँउपालिका साविक गा.वि.सहरु रगनी, खिजीचण्डेश्वरी, खिजीकाती, खिजीफलाटे, पोकली (९), रावादोलु, पात्ले (३-६) र भुसिंगा गा.वि.स. समावेश गरी निर्माण गरीएको छ। १७९.७७ वर्ग कि.मि.रहेको यस गाँउपालिकाको मूख्य कार्यालय ५ नं वडाको खिजीफलाटे भन्ने स्थानमा रहेको छ ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. |
|---|---|---|
| १. | रगनी | १-५ |
| २. | रगनी | ६-९ |
| ३. | खिजीचण्डेश्री | १-९ |
| ४ | खिजीकाती | १-९ |
| ५. | खिजीफलाटे | १-५ |
| ६. | खिजीफलाटे | ६-९ |
| | पोकली | ९ |
| ७. | रावादोलु | १-९ |
| ८. | भूसिङ्गा | १-९ |
| ९. | पात्ले | ३-६ |

*(श्रोतः नेपाल राजपत्र)*

**घ) भौगोलिक स्वरुप :**

ठूलो, फराकिलो तथा फाँटिलो भूभाग रहेको, बेंशिका भूभाग कम तथा अधिकांश भूभाग लेकाली र पातलो बस्ती, मिश्रीत हावापानी, घना जंगल, जडिबुटि सहितका विविध वनस्पति, विभिन्न वन्यजन्तु सहित लेकाली फाटिँला स्थानहरुले भरिपूर्ण यस गाँउपालिकामा मनै लोभ्याउने मनोरम दृष्यहरु अवलोकन गर्न

सकिने अग्ला डाँडाँहरु समेत अवस्थित छन् भने माथिल्लो भूभाग “थोलेदेम्बा” ( ३३५० मि. अग्लो ) डाँडाँ आसपासका स्थानहरुमा विभिन्न थरीका गुराँसहरु फुलेको दृश्यले सो क्षेत्रको जंगलनै हराभरा भएको देख्न सकिन्छ । साथै सो स्थानवाट यसै गाँउपालिकाका केन्द्र फलाटे बजार लगायत अधिकांश छिमेकी गाँउपालिहरुका भूभाग सहित विश्वको सवोच्च शिखर सगरमाथा लगायतका दन्त लहरझै सेताम्य हिमशृंखलाहरु अवलोकन गर्न सकिन्छ ।